**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १० अक्तूबर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. दार्जीलिङ पाहाड़, तराई डुर्वसमा धार्मिक भक्ति भावना , हर्षल्लस तथा पारम्परिक ढ़ंगमा भव्य रूपमा फूलपाती शोभायत्रा सम्पन्न। हजारौं झाँकीहरूका साथ सामेल भए।

२. ८ औं ग्लोबल शेर्पा दिवस जयगावमा सम्पन्न ।

३. भाजपाका राष्ट्रिय अध्यक्ष जेपी नड्डा बंगाल भ्रमणमा हुनुहुन्छ।

४. पश्चिम बंगालमा सरकार तथा आन्दोलनकारी जुनियर डाक्टरहरूबीचको वार्ता विफल।

५. दुर्गापूजालाई ध्यानामा राखि कोलकाता मेट्रोले अतिरिक्त ट्रेन चलाउनेछ।

६. प्रख्यात उध्योगपति रतन टाटाको निधनले देश विदेशमा शोकको लहर। राष्ट्रपति गहिरो शोक व्यक्त गर्नुभएको छ।

७. प्रधानमंत्री नरेन्द्र मोदी लाओसको भ्रमणमा हुनुहुन्छ।

**गोरखालैंड-महोत्सव**

गोरखालैंड क्षेत्रीय प्रशासन (दार्जिलिंग हिल्स) अनि सिलीगुड़ी, तराई-डुआर्स क्षेत्रहरुमा महासप्तमी को पूर्व संध्यामा आज धार्मिक उत्साह साथ फूलपाती शोभा यात्रा आयोजित गरियो। नेपाली भाषी गोरखा समुदाय विशेष रूपले फूलपातीलाई पारंपरिक तरीकाले मनाइन्छ। पारंपरिक परिहन लगाएर हजारौ मानिसरहरुले माता दुर्गा को भजन अनि जय जयकार लगाउँदै शोभा यात्रा मा शामेल भए। यसमा देवी दुर्गा को पालकी सहित अन्य देवी-देवताहरुका झांकिहरु प्रदर्शित गरियो। झाँकीमा बौद्ध समेत विभिन्न धार्मिक, सामाजिक अनि सांस्कृतिक संगठन पनि शामेल भएका थिए।

****** ० ******

**दार्जीलिङ फूलपातीको**

दार्जीलिङ फूलपातीको अवसरमा दार्जिलिङमा विभिन्न सांस्कृतिक साथै परम्परागत झाँकीहरु प्रदर्शनीको साथमा दार्जीलिङमा फूलपाती शोभायात्रा निकालिएको छ। फूलपाती समारोह आयोजक समिति अनि जीटीए सूचना एवं सांस्कृतिक विभागको संयुक्त तत्वावधानमा भएको उक्त कार्यक्रममा जनसाधारणसँगै दार्जिलिङकी जिल्लाशासक डा. प्रिति गोयलले पनि अंश ग्रहण गरेकी थिइन्। दार्जिलिङको मोटर स्ट्याण्ड परिसरबाट शुरु भएको फूलपाती उक्त शोभायात्राले शहर परिक्रमा गर्दै चौरस्तामा चलिरहेको दुर्गा पूजा परिसर पुगेर समापन भएको छ। यस अवसरमा सहभागिता जनाउने सबै जातगोष्ठी संगठनहरू अनि मठ मन्दिरका सदस्यहरुले सांस्कृतिक गीत नृत्यहरु प्रस्तुत गरेका थिए। यता दार्जीलिङ पहाडी क्षेत्रमा पालन गरिने फूलपाती समारोहको जिल्लाशासक डा प्रिती गोयलले मुगधकण्ठले प्रशंसा गरिन्। चिया बोनसको समस्या हुँदा हुँदै पनि विलुप्तको संघारमा पुगेको संस्कृति बचाएर युवा पुस्तासम्म पुर्याउने पहल गर्न आयोजक समिति अग्रसर भएको आयोजक समितिको सभापति तेञ्जिङ खाम्बाचेले बताएका छन्।

****** ० ******

**खरसांग फूलपाती**

महानवमी तथा अष्टमीको अवसरमा आज बिहान खरसांगमा भव्यफूलपाति शोभायात्रा निकालियो। देवी दुर्गा मातको डोली तथा देवि-देवताहरू सज्जिएका झाँकीहरूका साथ रेलवे स्टेशन देखि शुरू भएर नगर परिक्रमा गर्दै शोभायात्रा नयाँ बजार स्थित सामुदायिक भवनमा गएर सम्पन्न भयो। यस शोभायात्रामा विभिन्न धार्मिक, सांस्कृतिक व सामाजिक संघ संस्थाहरूको बाक्लो सहभागिता थियो। समाजका सबै वर्ग र समुदाय विशेष गरि तामंग शेर्पा र भोटिया समुदायको पनि राम्रो उपस्थिति थियो। यस अवसरमा नयाँबजार सामुदायिक भवनमा एउटा सांस्कृतिक कार्यक्रमको पनि आयोजना गरियो तथा गोरखा जातिका उपलब्धि हासिल गर्ने केहि व्यक्तिहरूलाई सम्मित गरियो। खरसांग फूलपाति सांस्कृतिक आयोजन समिति की अध्यक्षा आशा मुखिया लामाले यस शोभयात्रालाई शफल र भव्य बनाउन सामेल हुने सबै संघ संस्था, व्यवसायी वर्ग र महानुभावहरूलाई धन्यवाद दिनु भयो भने आयोजन समितिका सचिव सुभाष प्रधानले आगामी वर्षहरूमा आफ्नो संस्कृति र परम्परा अनि धार्मिक आस्थाको जगेरा गर्ने झन भव्य रूपमा फूलपाती मनाइने सबैसित आह्वान गर्नु भयो।

****** ० ******

**दार्जिलिंग पाहाड फूलपाती**

गोरखाल्याण्ड क्षेत्रीय प्रशान इलाकाका कैयन स्थानहरूमा आज भव्य रूपमा फूलपाती शोभायात्र धार्मिक भक्तिभाव, हर्ष उल्लास तथा परम्परागत ढेगमा पालन गरिएको समाचार प्राप्त भएको छ। मिरिक तथा शौरेनीमा जातिय भेषभूषामा हजारौं मानिसहरू फूलपाती शोभायात्रमा सामेल भए भने, सुकिया पोखरी, सोनादा, धुम, बिजनबारी, पानिघट्टा, गोरूबथान, सिलीगुड़ी. बागडोगरा, तराई डुवर्समा पनि भव्य रूपमा शोभा यात्राहरू निकालिएको समाचार प्राप्त भएकोछ। कालेबुंग शहरमा पनि हजारौंको संख्यामा मानिसहरूले परम्परागत गाज -बाजा र पर्मपरागत परिधानमा भक्तिभजन गाउँदै शोभायात्रामा भाग लिए।

****** ० ******

**पीएम-नवरात्रि**

प्रधानमंत्री नरेंद्र मोदिले नवरात्रि को आठौं दिन देवी महागौरीको पूजा गर्नु भयो। उहाले देवी महागौरीको पुजा गरि सबै भक्तहरुको भलाईको कामना गर्नु भयो । एक सोशल मीडिया पोस्टमा श्री मोदीले सबै भक्तहरुको जीवनमा समृद्धि अनि खुशीको कामना गर्नु भयो ।

****** ० ******

GLOBAL SHERPA MEET

ग्लोबल शेर्पा दिवस 2024 भव्य रूपमा 7 र 8 अक्टूबराको दिन जयगाँवमा सम्पन्न भएकोछ। वैश्विक शेर्पा संघको 8 औं स्थापना दिवसको अवसरमा जयगाँवको अग्रसेन भवनमा आयोजित यस दुई दिने विश्व सम्मेलनको उद्देश्य विश्वभरी छरिएर बसेका शेर्पाहरूलाई एकजुट गरि आफ्नो वेष भूषा संस्कृति परम्पराहरूको संर्क्षण तथा संवर्धन गर्नुका साथै शेर्पाहरूको सामाजिक आर्थिक उत्थान गर्नु रहेकोछ भनि यसका अन्तर्राष्ट्रीय अध्यक्ष थेण्डुप शेर्पा बताए।यो विश्व शेर्पा दिवसलाई केहि वर्ष देखि विश्वका कतिपय देशहरूमा शेर्पाहरूले एउटा पर्वको रूपमा मनाउँदै आइरहेका छन् भनि खेन्पो सांगे रंगजुङ रिम्पोछेले बताउनु भयो। शेर्पा जातिको उत्थान र विकासका लागि विश्वभरीका शेर्पाहरूको साझा मंच हो विश्व शेर्पा संघ भनि नेपालबाट आएका यसका संयुक्त महासचिव फुर्बा तेन्जिङ शेर्पाले बताए।यस अवसरमा 9 अक्टोबरको दिन कुनडिलिङ गुम्बा जयगाँवमा ड्रोलछोक पुजा पश्चात पूज्य खेन्पो रिम्पोछेबाट अभिषेक अर्थात वाङ कार्यक्रम सम्पन्न गरियो। यस कार्यक्रममा भारत, नेपाल भूटान लगायत अन्य कतिपय देशहरूबाट प्रतिनिधिहरू आएका थिए।ग्लोबल शेर्पा संघ, अखिल भारतीय शेर्पा बौद्ध संघ, अखिल बंगाल शेर्पा बौद्ध संघ, आसाम शेर्पा बौद्ध संघ, दिल्ली शेर्पा वेलफेयर एसोसिएसन, डेनजोङ शेर्पा संघ (सिकिम), र जयगाउँ शेर्पा संघको संयुक्त तत्वावधानमामा यो कार्यक्रम आयोजना गरिएको हो भनि यसका उद्घोषिका पासाङ लकी शेर्पाले जानकारी दिएकी छन।

****** ० ******

**बंगाल-नड्डा**

भाजपा को राष्ट्रीय अध्यक्ष जगत प्रकाश नड्डा आज एक दिवसीय भ्रमणमा आज कोलकाता आइएनु भयो। यस अवसरमा उहाँको भव्य स्वागत गरियो। सबै भन्दा अघि उहाँलाई स्वागत गर्न प्रदेश भाजपा अध्यक्ष कोलकाता हवाइअड्डा पुग्नु भयो। यस अवधि भाजपा का अन्य नेता पनि उपस्थित थिए। राष्ट्रीय अध्यक्ष जेपी नड्डा हवाई अड्डा बाट सीधा हावड़ा जानुभयो। उहांले रामकृष्ण मठ अनि मिशन मुख्यालय बेलूर मठ को तर्फबाट आयोजित सप्तमी पूजा पर्व मा शामेल हुनुभयोए जसपछि श्री नड्डा मध्य

कोलकाताको संतोष मित्रा स्क्वायर को पूजा पंडाल जानुभयो। उहाँले कोलकाता को अन्य दुर्गा पूजा पंडालहरुको पनि भ्रमण गर्नुभयो। न्यूटाउन मा श्री नड्डाले बांग्ला भाषालाई शास्त्रीय भाषा को रूप मा मान्यता दिलाउनका लागि शिक्षा अनि संस्कृति जगत का प्रतिनिधिहरुसित भेटवार्ता गर्नुभयो।

****** o ******

**पश्चिम बंगाल . जूनियर डॉक्टर हड़ताल निश्कर्ष**

आर.जी. कर मेडिकल कॉलेज अनि अस्पताल का जूनियर डॉक्टरहरुको बलात्कार अनि हत्या को मामला मा न्याय को मांगलाई लिएर चलिरहेको अनशनले आज छैठौ दिनमा पर्वेश गरेको छ। पश्चिम बंगाल मा जूनियर डॉक्टरहरुको राज्य सरकार सित भएको कुराकानी कुनै पनि निष्कर्ष मा पुगेको छैन। हिज कोलकाता को राज्य सचिवालय मा भएको बैठक को अध्यक्षता मुख्य सचिव मनोज पंत ले गर्नुभयो अनि यसमा राज्य को गृह सचिव नंदिनी चक्रवर्ती तथा पुलिस महानिदेशक राजीव कुमार पनि शामेल थिए। डॉक्टरहरुले उनीहरुलाई राज्य सरकारबाट ३मौखिक आश्वासन३ बाहेक अन्य कुनै ठोस उत्तर प्राप्त नभएको आरोप लगाए। डाक्टरहरु अनुसार सरकार ले मेडिकल कॉलेज परिसर मा उनीहरुको सुरक्षा मांगहरुमाथि कुनै लिखित निर्देश जारी गर्नबाट अस्वीकार गरेका छन्। आफ्नो आंदोलन अनि भोक हड़ताल जारी राख्ने पनि डाक्टरहरुले बताएका छन्।

****** o ******

**मेट्रो**

पश्चिम बंगाल मा दुर्गा पूजा धूमधामसित मनाइंदैछ। यसै बीच कोलकाता मा भक्तजनहरु भीड़लाई ध्यानमा राख्दै कोलकाता मेट्रो प्रबंधनले आज सप्तमीदेखि नवमी बिहान सम्म अतिरिक्त मेट्रो सेवा प्रदान गर्ने निर्णय गरेको छ। पूजा को दिन विभिन्न स्टेशनहरुमा मोबाइल काउंटरहरुद्वारा क्यू आर कोड आधारित पेपर टिकट जारी गरिनेछ।

****** o ******

**संशो. रतन टाटा का निधन**

प्रसिद्ध उद्योगपति अनि परोपकारी रतन टाटा को हिज अबेर राती 86 वर्षको उमेरमा मुंबई मा निधन भएको छ। उहाँको एउटा निजी अस्पताल मा चिकित्सा चलिरहेको थियो। रतन टाटाको निधनमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधान मंत्री, गृह मंत्री तथा अन्य विशिष्ट व्यक्तिहरुले शोक व्यक्त गरेका छन्। उहाँको निधन मा महाराष्ट्र सरकारले आज राजकीय शोकको घोषणा पनि गरेको छ। मुम्बईको वरली स्थित शमशान घाटमा राजकीय सम्मानको साथ आज बिलुकी उहाँको अंतिम संस्कार गरियो।

****** o ******

**टाटा-ममता**

रतन टाटा को निधन मा पश्चिम बंगाल को मुख्यमंत्री ममता बनर्जीले पनि गहरो शोक व्यक्त गर्नुभएको छ। ममता बनर्जी रतन टाटा को निधन भारतीय समाज को लागि अपूरणीय रहेको बताउनुभएको छ।

****** o ******

**संशो. प्रधानमंत्री-लाओस**

प्रधानमंत्री नरेन्द्र मोदी लाओस को दुइ दिवसीय यात्रा मा वियंनचन पुग्नुभएको छ। प्रधानमंत्री को यस यात्राद्वारा आसियान देशहरुसित भारत को संबंध अझ सशक्त हुनेछ। लाओस को गृहमंत्री विलयवोंगे बौद्धाखामले श्री मोदीको स्वागत गर्नुभयो। श्री मोदी भारतीय समुदाय का मानिसहरुसित पनि भेटवार्ता गर्नुभयो। पछि बाट प्रधानमंत्रीले लाओस मा **फलक-फलम तथा फरा लक फरा राम भनिने** रामायण को प्रस्तुति, को अवलोकन गर्नुभयो। यात्राको पहिलो दिन दिन प्रधानमंत्री वियंनचन मा 21 औ आसियान-भारत सम्मेलन मा भाग लिनुहुनेछ। उहाँले सदस्य देश तथा भागीदार देशहरुका नेताहरुसित द्विपक्षीय बैठक गर्नुहुनेछ। उहाँको वियंनचन मा 19 औ पूर्वी-एशिया सम्मेलन मा शामिल हुने कार्यक्रम पनि रहेको छ। यस अघि आफ्नो प्रस्थान वक्तव्य मा श्री मोदीले एक्ट-ईस्ट नीति को महत्व बारे उल्लेख गर्नुहुँदै यस वर्ष भारतले एक्ट-ईस्ट नीति को दशक मनाइरहेको बताउनुभयो। श्री मोदीले

भन्नुभयो कि उहाँले आसियान नेताहरुसित व्यापक कार्यनीतिक भागीदारीको दिशा मा भएको प्रगति को समीक्षा अनि सहयोग को दिशा मा भावी रूपरेखा तैयार पार्ने संबंधी बैठक मा भाग लिनुहुनेछ। पूर्वी एशिया सम्मेलनले हिंद-प्रशांत क्षेत्र मा शांति, स्थिरता अनि समृद्धि प्रति उत्पन्न चुनौतीहरुमाथि विचार गर्ने अवसर प्रदान गर्नेछ। प्रधानमंत्रीले भन्नुभयो कि लाओ पी.डी.आर. सहित यस क्षेत्रसित भारत को घनिष्ठ सांस्कृतिक अनि सभ्यतागत संबंध छ। श्री मोदीले आफ्नो यात्राद्वारा आसियान देशहरुसित संबंध अझ सुदृढ हुने विश्वास व्यक्त पनि गर्नुभयो।

****** ० ******